गोपाली र चौधरीको जोडिलाई उप-मेयरकप ब्याडमिन्टन प्रतियोगिताको उपाधी। पृष्ठ ५ मा

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक



● मकवानपुर, वर्ष-१७, अंक-४९ ● २०८२ असार ०९ गते सोमबार, ● 23 June, 2025, ● नेपाल सम्वत्-११४५, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

# थाहा "पूर्ण खोप दिगोपना सुनिश्चितता नगर" घोषणा

विकास संवाददाता
थाहानगर

मकवानपुरको थाहा नगरपालिकालाई 'पूर्ण खोप दिगोपना सुनिश्चितता नगर' घोषणा गरिएको छ। थाहा नगरपालिकामै ३ असारमा एक कार्यक्रमको आयोजना गरी वडा तथा पालिका पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरिएको हो ।

थाहा नगरपालिकालाई नगर खोप समन्वय समितिका संयोजक तथा नगर प्रमुख विष्णु बहादुर विष्ट र जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य प्रशासक कृष्ण मिजारले संयुक्त रूपमा पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरेका हुन् । ‚पूर्ण खोप सुरक्षित भविष्य, स्थानीय स्रोतको उपयोग, स्वामित्व र सहभागितामा पूर्ण खोप सुनिश्चितता हाम्रो प्रतिबद्धता‚ भन्ने नारासहित नगर खोप समन्वय समितिका पदाअधिकारीहरूको उपस्थितीमा पालिका घोषित भएको हो ।

थाहालाई पूर्ण खोप दिगोपना सुनिश्चितता नगर घोषणा गर्दै नगर प्रमुख बिष्टले खोपले बालबालिकालाई रोग प्रतिरोधात्मक क्षमता प्रदान गर्ने भएकाले कसैलाई पनि खोपबाट वञ्चित गर्न नहुने स्पष्ट पारे । विष्टले खोप सुनिश्चितता अभियानमा योगदान गर्ने सबै स्वास्थ्यकर्मी र कर्मचारीलाई धन्यवाद दिएका थिए । स्वास्थ्य सेवाका उपलब्धीलाई संस्थागत गर्दै आगामि दिनमा नागरिकको स्वास्थ्यप्रति संवेदनशील भएर काम गर्न




प्रमुख विष्टले स्वास्थ्यकर्मीहरूलाई निर्देशन दिए ।

थाहानगरमा पहिलो चरणमा सबै वडालाई पूर्ण खोप सुनिश्चितता घोषणा गरिसकेपछि, निर्धारित सूचक र 'पूर्ण खोप निर्देशिका २०७१' को आधारमा यो वर्ष खोपको दिगोपना सुनिश्चित गरि एको हो। नगरका ०-१५ महिनाका ६४१ जना र १६-२३ महिनाका ५४७ जना बालबालिकाले पूर्ण खोप लगाएका थिए। पछिल्लो सर्वेक्षणअनुसार, १६-२३ महिनाका ४३८ र ०-१५ महिनाका ४८८ जना बालबालिकाले पूर्ण रूपमा खोप लगाएको तथ्यांक रहेको स्वास्थ्य शाखा प्रमुख मेघराज बलामीले जानकारी दिए। खोप समन्वय समितिको सक्रियतामा हरेक वडामा घरभेट सर्वेक्षण, २९ वटा खोप केन्द्रबाट मासिक नियमित सेवा र छुटेकालाई खोप दिने कार्य भएको जनाइएको छ। यसै आधारमा करिब ९५ प्रतिशत खोप पहुँच दर पुगेपछि, पालिकालाई जिल्ला समन्वय समितिमा प्रस्ताव पेश गरिएको र स्वीकृत भई घोषणा गरिएको हो। घोषणा कार्यक्रममा प्रमुख अतिथि उपप्रमुख भरत गोपाली, विशिष्ट अतिथि जिल्ला जनस्वास्थ्य प्रमुख कृष्ण मिजार, प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, १२ वटै वडाका अध्यक्षहरू, स्वास्थ्य संस्थाका प्रमुखहरू तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रममा सहभागिहरूले खोप सुनिश्चितता पालिका बनाउने प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका थिए । थाहा नगरपालिकामा एक प्राथमिक स्वास्थ्य केन्द्र, तीन आधारभूत स्वास्थ्य केन्द्र र तीन सहरी स्वास्थ्य केन्द्रसहित पाँचवटा स्वास्थ्य संस्था रहेका छन् ।

# अब भदौ मसान्तसम्म सडक खन्न नपाइने

◆ विकास संवाददाता

सडक डिभिजन हेटौंडाले वर्षायाम भरी सडक खन्न रोक लगाएको छ । कार्यालयले सूचना जारी गरी वर्षायाममा सडक खन्ने स्वीकृति नदिइने बारे जानकारी गराएको हो ।

३ असारदेखि भदौ मसान्तसम्म सडक



खन्न रोक लगाइएको छ । 'वर्षायाममा धारा, ढल, बिजुली, टेलिफोन आदि प्रयोजनका लागि सडक खन्दा तत्कालै मर्मत सम्भार गरी यथास्थितिमा ल्याउन सम्भव नरहने र सडक पनि थप बिग्रिँदै जाने भएकाले यस अवधिभरि कुनै पनि सडक खन्न स्वीकृति प्रदान गरिने छैन,' सूचनामा छ ।

यसरी सडक खनेको पाइए सडक ऐन २०३१ अनुसार कारबाही हुने समेत कार्यालयले स्पष्ट पारेको छ ।

# प्रसिद्ध ऋषेश्वरमा गुरू रिन्पोछेको मूर्ति अनावरण

◆ विकास संवाददाता

मकवानपुरको दामनमा रहेको ऐतिहासिक तथा धार्मिक स्थल ऋषेश्वर मन्दिरमा बौद्ध धर्मगुरू गुरू रिन्पोछेको मूर्ति अनावरण गरिएको छ। एक विशेष समारोहकाबीच २६ जेठमा मूतिृको अनावरण गरिएको हो ।

पद्मवर्ण महायान बिहार गुम्बा, ललितपुर, वडा नम्बर ६, ज्याठावहा, ओकुवहालबाट प्राप्त गुरू रिन्पोछेको मूर्ति बागमती प्रदेश सभा सदस्य कुमारी मुक्तानले अनावरण गरेकी हुन्। आस्थाको केन्द्र ऋषेश्वरमा मूर्तिको अनावरण गर्दै प्रदेश सभा सदस्य मोक्तानले मूर्ति स्थापनाले धार्मिक, सांस्कृतिक र पर्यटकीय आकर्षणलाई थप बल मिलेको बताइन् । उनले मूर्ति स्थापनाले हिन्दु-बौद्ध सहिष्णुता र साझा आस्थाको सन्देश फैलाएको सिमभन्ज्याङ र दामनको बीच भागमा पर्ने ऋषेश्वर मन्दिर हिन्दु र बौद्ध दुवै धर्मावलम्बीको श्रद्धा केन्द्रका रूपमा चिनिन्छ । यो स्थान बौद्ध धर्मगुरू पद्मसम्भव (गुरू रिन्पोछे) सँग गाँसिएको ऐतिहासिक मान्यताले धार्मिक तथा सांस्कृतिक दृष्टिले विशेष महत्व राख्दछ । ध्यान केन्द्रका रूपमा समेत चर्चित यस मन्दिरमा तत्कालीन राजा त्रिभुवनले पूजा गरी सन्तानको वर मागेको र त्यसपछि राजा महेन्द्रको जन्म भएको भन्ने किंवदन्ती प्रचलित छ। मन्दिर समुद्र सतहदेखि करिब २,५८४ मिटर उचाइमा रहेको छ । यहाँ त्रिभुवन राजपथ हुँदै सहजै पुग्न सकिने स्थानमा पर्छ ।

पद्मसम्भवले खोटाङको हलेसी मारातिका गुफामा अभितायुष बुद्धको साक्षात् दर्शन गरी अमरत्व सिद्धि प्राप्त



विश्वास व्यक्त गरिन् । सो अवसरमा उनले ऋषेश्वर क्षेत्रको विकासमा सहयोग गर्ने आफुले प्रदेश सरकार समक्ष पहल गर्ने उल्लेख गरिन् ।

मुर्ति प्राण प्रतिष्ठा समारोहमा महायान बिहारका श्रद्धालुहरू, ऋषेश्वर क्षेत्र विकास समितिका अध्यक्ष विनोद कुमार लामा, वडा नम्बर ४ का अध्यक्ष नारायण लामा, तथा समिति सदस्यहरू निरोज प्रधान, शम्भु सिंह कार्कीलगायतको उपस्थिति रहेको थियो। सो अवसरमा पूजासहित पद्मसम्भवको मूर्तिमा प्राण प्रतिष्ठा सहित वाङ आयुबाट अभिषेक पूजा कार्यक्रमसमेत भएको थियो । गरेका थिए ।

त्यसैगरी उनले दक्षिणकाली नगरपालिकाको फर्पिङमा बुद्धत्व प्राप्त गरेको, दामनको ऋषेश्वर (छुमिक ज्याङ्छुप), काभ्रे तेमाल (यारी नाग) संखुवासभाको खेन्पालुङ, दोलखाको रोल्वालिङ, हेलम्बु, मुस्ताङ आदि स्थानमा पनि आचार्य पद्मसम्भवले ध्यान साधना गरेको भोट वाङ्मयमा उल्लेख छ । उनले भविष्यमा बौद्ध धर्म रक्षा होस् भनी पहाडको गुफाहरूमा कयौँ निधिहरू सञ्चय गरेर राखेको कुरा उनको जीवनी पद्म काथाङ नामक ग्रन्थमा उल्लेख गरेको पाइन्छ ।

सञ्चार सीप तथा कम्प्युटर सम्बन्धी काम सबै काम एकै ठाउँमा



पालिका प्रेस
इन्द्रसरोवर-१ मकवानपुर
सम्पर्क: ९८५५०३७५६१
palikapress.com@gmail.com

हाम्रा सेवाहरू :
समाचार लेखन तथा सम्पादन
समाचार पत्र सेटिङ
फोटो, भिडियो तथा अडियो पत्रकारिता
अनलाइन पत्रकारिता
कम्प्युटर सम्बन्धी आधारभूत सीप

विकास खबरपत्रिका साप्ताहिक
प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
www.bikaskhabar.com
२०८२ असार ०९ गते सोमबार, 23 June, 2025, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



## सम्पादकीय

### जलवायु परिवर्तनले बढाएको चिन्ता

प्रकृतिबिना मानिस र अन्य जीवजन्तु तथा वनस्पतिको समेत कल्पना गर्न सकिन्न । तर आज बितेका ५०० वर्षयताको अवधिमा विकासका नाममा निरन्तर प्रकृतिलाई दोहन गर्दै आएको छ । त्यसैको स्वाभाविक परिणाम पृथ्वीको तापक्रममा १.५ डिग्री बृद्धि भएको छ । त्यसले आजको विश्वलाई जलवायु परिवर्तनको दिशामा धकेलेको छ । पृथ्वीमा यो समस्या खडा गर्ने औद्योगिक मुलुकहरु छन् । विश्वमा जलवायु परिवर्तनले ल्याउने समस्याका विषयमा विश्वव्यापीरुपमा चिन्तन र विमर्शहरु भइरहन्छन् तर यो समस्या सिर्जना गराउन सहयोग पुर्‍याउने औद्योगिक र सम्पन्न मुलुकहरु उचितरुपमा गम्भीर देखिदैनन् । यो अन्तर्राष्ट्रिय चिन्ताको विषय हो । अमेरिकामा विश्वको कूल जनसंख्याको ४ प्रतिशत मात्र जनताको बसोवास छ । तर अमेरिकाले मात्र विश्वमा उत्पादन हुने हरितगृह ग्याँस २५ प्रतिशत उत्पादन गर्दछ । त्यसपछि चीन, भारत, पाकिस्तानलगायत युरोपियन मुलुकहरु पर्दछन् । विश्वमा नेपाल जस्ता धेरै मुलुकहरु छन् । ती मुलुकहरुले एक प्रतिशत पनि हरितगृह ग्याँस उत्पादन गर्दैनन् तर ठूला शक्तिशाली सम्पन्न र औद्योगिक मुलुकहरुले अत्यधिक हरितगृह ग्याँस उत्पादन गरेको कारण अनाहकमा जलवायु परिवर्तनले पैदा गराएको समस्याको सजायका रुपमा सामना गर्नु परिरहेको छ ।

जलवायु परिवर्तनका कारण ऋतु परिवर्तनमा असन्तुलन पैदा भएको छ । बेमौसममा वर्षा, मुसलधारे वर्षा, खडेरी, बाढी, पहिरो आदिका संकेतहरु देखिनु, साउनमा खडेरी, असोजमा लगातारको झरी तथा वसन्तको गर्जन नसुनिनु, खण्डवृष्टि र अतिवृष्टि जलवायु परिवर्तनका ताजा संकेतहरु हुन् । सन् १९९७ मा विश्वका धनी, सम्पन्न र औद्योगिक मुलुकहरुले विश्वव्यापी रुपमा डरलाग्दो समस्याका रुपमा देखापरेको प्रदूषणलाई रोक्ने क्योटो सम्झौता गरेका थिए । जस अनुसार अमेरिकाले सात प्रतिशत, जापानले छ प्रतिशत, युरोपेली संघले आठ प्रतिशत हरितगृह ग्याँस घटाउने सम्झौता गरेका थिए तर सो सम्झौता कार्यान्वयन भएन । सो सम्झौतामा स्पेन र पोर्चुगलले पनि हस्ताक्षर गरेका थिए । विश्वमा पैदा भएको जलवायु परिवर्तनले प्रकृति र वातावरणलाई प्रभाव पार्दा विश्वको आर्थिक र सामाजिक क्षेत्रमा पनि नराम्रो असर परिरहेको छ । जलवायु परिवर्तनले पार्ने असरलाई न्यूनीकरण गर्ने प्रविधि अत्यन्त महंगो हुनाले त्यसबाट अर्थतन्त्रलाई नै धक्का पुग्दै आएको छ । चीनले कृत्रिम सूर्य र कृत्रिम वर्षातको प्रविधिको विकास गरेको छ । त्यसबाट अस्थायी लाभ प्राप्त भए तापनि धेरै खर्चिलो छ । जलवायु परिवर्तनसम्बन्धी अन्तरसरकारी प्यानल (आइपिसिसि) ले बताए अनुसार जलवायु परिवर्तनको असरका कारणले सन् २००० देखि सन् २०१९ सम्म प्रतिवर्ष औषत आँकडामा प्रतिवर्ष ६५० खर्ब अमेरिकी डलर बराबर को पूँजी खर्च भइरहेको छ ।

संयुक्त राष्ट्र संघको वातावरणीय विभागले विश्वका सबै मुलुकहरुलाई पर्यावरण संरक्षणका निमित्त आवधिक संरचनात्मक कार्यक्रमसहित आह्वान गर्नु पर्दछ । सबै देशका सरकार, संस्था र व्यक्तिहरुले नवीकरणीय ऊर्जातिरको संरक्षणमा ध्यान पुर्‍याउन आवश्यक छ । वन जंगल र सीमसार संरक्षणको लागि विश्वव्यापीरुपमा अभियानहरु सञ्चालनका निमित्त लाग्ने आर्थिक खर्च औद्योगिक मुलुकहरुले व्यवस्थापन गर्न जरुरी छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# किन हुन्छ भ्रष्टाचार



◆ नारायण पौडेल

सामान्यतया नागरिक हकअधिकार कमजोर भएका देशमा भ्रष्टाचार बढी हुने, मानव अधिकार हनन हुने, लोकतन्त्रको स्तर घट्ने, अधिनायकवाद बढ्ने र भ्रष्टाचारले प्रश्रय पाउँदै जाने हुन्छ । नेपालमा सबै खालका व्यापार, व्यवसाय, ठेक्कापट्टा, आयातनिर्यात, सरूवाबढुवा, नियुक्तिलगायतमा घूस तथा भ्रष्टाचारको सञ्जाल व्याप्त देखिन्छ भने भ्रष्टाचारविरोधी प्रयासमा आएको शिथिलताले लोकतन्त्र र मानव अधिकार जोखिममा परेको छ । त्यसमाथि आर्थिक सुशासन कायम गर्ने जिम्मा पाएको सरकार नै सार्वजनिक जग्गाजमिन तथा सम्पत्तिहरूलाई कौडीको भाउमा भाडामा लगाउने र नीतिगत भ्रष्टाचार बढाउन सक्रिय हुँदै जानुले भ्रष्टाचारजन्य गतिविधिलाई प्रोत्साहन मिलेको छ ।

वास्तवमा भ्रष्टाचार आर्थिक अनियमितता मात्र नभई राजनीतिक र सांस्कृतिक समस्या पनि हो, जसले लोकतन्त्र र विधिको शासनलाई कमजोर बनाउँछ । नेपालको अर्थव्यवस्थाले पनि भ्रष्टाचारका घटना वृद्धि गराउन भूमिका खेलिरहेको छ । किनकि नेपालमा बहुदलीय शासन-व्यवस्थाको थालनी भएपछि कांग्रेस, एमाले र गणतन्त्र स्थापनापछि माओवादी, मधेसवादी दलभित्रका निकटस्थहरूको ठूलो जमात एक्कासि नवधनाढ्यका रूपमा उदाएका छन् । यसरी सुशासन कायम गर्ने मामिलामा सरकारी प्रयास असफल हुनु र अन्तर्राष्ट्रिय जगत्मा नेपाल भ्रष्टाचार गर्ने देशको सूचीमा उच्च स्थानमा रहनु हामी सबै नेपालीका लागि अत्यन्तै दुःखद विषय हो ।

अकस्मात् धनाढ्य हुनु अवैध मिश्रित व्यवसायको प्रतिफल हो र हरेक परिवर्तनपछि धनाढ्य वर्गले राजनीतिक व्यवस्था र नेतृत्वलाई घेराबन्दीमा पारी षड्यन्त्रपूर्वक आफ्नो आर्थिक हितअनुकूलको वातावरण सिर्जना गराउँदै आएका छन् । यस्ता धनाढ्यको संगतले राजनीतिक नेता तथा कार्यकर्तामा धनको लोभ जागृत गराउँछ । फलस्वरूप लोभकै कारण राजनीतिक परिवर्तन भ्रष्टाचारको सिकार हुन्छ । यसर्थ, जुन व्यवस्थामा नाफाका लागि लालायित पुँजीपतिहरू कानुनी तथा राजनीतिक रूपमा सत्तामा हाबी हुन्छन्, यस्ता भ्रष्टाचारजन्य गतिविधिले स्वाभाविक रूपमा निरन्तरता पाइरहन्छन् ।

त्यस्तै अदालत, संसद्, सरकार, राजनीतिक दल, निजी क्षेत्र सर्वत्र कुनै जवाफदेहिता छैन । जुनसुकै प्रकरणमा भएको भ्रष्टाचारमा संलग्न हुनेहरूलाई कानुनबमोजिम सजाय हुनुपर्नेमा विगतमा भएका भ्रष्टाचारसम्बन्धी अनुसन्धान र कारबाही हेर्दा यस्ता घटनाहरू केही समयका निम्ति मात्रै चर्चामा हुन्छन् । यसरी नेपालमा भ्रष्टाचार नियन्त्रण सुधार नहुनुमा सार्वजनिक क्षेत्रमा भएको अनियमितता र अधिकारको दुरूपयोग प्रमुख कारण मानिन्छ । किनकि व्यापार व्यवसायमा व्याप्त घुसखोरी, कारबाहीमा उदासीनता र सूचनामा नागरिकको सहज पहुँच नहुनुले भ्रष्टाचार मौलाइरहेको छ ।

नेपाली समाजमा चाकडी, चाप्लुसी, उपहार दिनेजस्ता गतिविधिलाई सामान्य रूपमा लिने गरिन्छ । तर, यस्ता गतिविधिमा ठूलो धनराशि खर्च भइरहेको हुन्छ । समाजमा इमानदारलाई भन्दा धनीलाई महत्व दिने गरिन्छ, जसले गर्दा व्यक्तिलाई सम्पत्तिको तृष्णा बढिरहेको छ र व्यक्तिलाई समाजमा सम्मानित जीवन बिताउन जसरी भए पनि सम्पत्ति कमाउनुपर्ने धारणाले मूर्तरूप लिएको छ । फलस्वरूप भ्रष्टाचार, अनियमितता, तस्करीजस्ता काम गरेर भए पनि सम्पत्ति जोड्नेतर्फ व्यक्तिहरू लागिरहेका छन् । यसरी जुन समाजमा सम्पत्तिलाई सबैभन्दा बढी महत्व दिइन्छ, त्यहाँ भ्रष्टाचारजन्य गतिविधिको उत्पत्ति भई प्रश्रय पाउने अनुकूल वातावरण बन्दै जान्छ ।

विगतमा राणा, राजाहरूले आफ्नो परिवार र नातेदारको चाहना तथा विलासितालाई बढाउनका लागि भ्रष्टाचार जन्य क्रियाकलाप गरेका थिए । राजनीतिक नेतृत्व, कर्मचारी तथा अन्य सार्वजनिक पद धारण गर्ने अधिकारीहरू आफ्नो परिवार, नातेदार तथा इष्टमित्रहरूको अपेक्षा र चाहना पूरा गर्न उनीहरूको दबाबमा भ्रष्टाचार गर्छन् । त्यसैले नेपालमा भएका अधिकांश ठूला भ्रष्टाचारका काण्डहरूमा जिम्मेवार अधिकारीका परिवारका सदस्यहरूको संलग्नता रहेको भेटिन्छ । तत्कालीन राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो मृत्युअघिको इच्छापत्रमा लेखेका थिए, 'प्यारा छोरा, छोरी र ज्वाइँहरू, मैले यो सम्पूर्ण सम्पत्ति तिमीहरूकै लागि कमाएको हुँ, त्यसैले तिमीहरू सबैले बुद्धि पुर्याएर खर्च गर्न सक्यौ भने विलासिताका साथ तिमीहरूको जिन्दगी बित्नेछ ।'

राजनीतिक संरचनाभित्रका विभिन्न पक्षले राजनीतिक भ्रष्टाचारलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने गर्छन् । नेपालका राजनीतिक दलहरूको नियमित खर्च निकै ठूलो छ, राजनीतिक पार्टीहरूको आफ्नै आम्दानीको स्पष्ट र दिगो स्रोत केही छैन । यस्तो अवस्थामा उच्च खर्च, अपारदर्शी कोष, महँगो निर्वाचन खर्चजस्ता गतिविधिलाई कसरी थेग्ने ? जसका लागि सरकारमा रहेका बेला मन्त्रीले विविध काम तथा निर्णयहरू गरेर त्यसबापतको कमिसन पार्टीलाई बुझाउनुपर्छ, पार्टीलाई रकम बुझाउने सर्तमा मात्रै मन्त्री बनाइन्छ र मन्त्रीलाई पार्टीबाट नै भ्रष्टाचार गर्न र कमिसन लिन लगाइन्छ । यसर्थ राजनीतिक पार्टी भ्रष्टाचार र कमिसनका मूल स्रोत बनेका छन् ।

नियमित पार्टी सञ्चालन, निर्वाचन, महाधिवेशनलगायतका कार्यक्रममा पार्टीहरूले ठूलो धनराशि खर्च गर्छन् । तर, त्यसको स्रोत पारदर्शी छैन । राजनीतिक दलहरूले आफ्नो बैंक खातासमेत व्यवस्थित र चालू अवस्थामा राखेका छैनन् । कहाँबाट के-कति आम्दानी भयो, कुन व्यापारीले कुन प्रयोजनका लागि कति सहयोग गर्यो, त्यो रकम कहाँ कसरी खर्च भयो भन्नेजस्ता जानकारीसमेत पारदर्शी छैनन् । राजनीतिक दलहरूले केन्द्रदेखि जिल्लासम्म निर्माण वा खरिद गरेका भवनको कति खर्च लाग्यो भन्ने कुराको यथार्थ विवरण कुनै पार्टीले दिन सक्दैनन् ।

राजनीतिक निरन्तरताका लागि कार्यकर्ता चाहिन्छ । नेपालका अधिकांश राजनीतिक दलका कार्यकर्ताहरू बेरोजगार छन् । हरेक पार्टी तथा तिनका नेतामाथि यस्ता कार्यकर्ताको खर्च चलाइदिनुपर्ने दायित्व हुन्छ । आफ्ना नेता उच्च राजनीतिक पदमा पुगेपछि कार्यकर्ताहरू त्यसको गलत फाइदा लिनका लागि तँछाडमछाड गर्छन् । यसरी राजनीतिमा लाग्ने कार्यकर्ताहरूको आफ्नै छुट्टै पेसा-व्यवसाय अँगाल्ने संस्कार को सुरूवात नहुनुले दलका कार्यकर्ताले राजनीतिलाई नै पेसा बनाएका छन्, जसले भ्रष्टाचारलाई बढावा दिन्छ ।

यस्ता बेरोजगार कार्यकर्ताहरू आफ्नो पार्टी सरकारमा रहँदा नेतालाई आफ्नो आर्थिक उपार्जनका लागि दबाब दिन्छन् । उनीहरूले अवैध किसिमले ठेक्कापट्टा मिलाउन, जागिर लगाइदिन, आफन्तलाई आर्थिक रूपमा आकर्षक स्थानमा सरूवा गराइदिनका लागि नेतालाई दबाब दिन्छन् । कार्यकर्ता भड्किएमा आफ्नो राजनीतिक भविष्यसमेत कमजोर हुने भएकाले नेताहरू आफ्ना कार्यकर्ताको दबाबलाई बेवास्ता गर्न सक्दैनन् अनि भ्रष्टाचार जन्य गतिविधि बढ्न थाल्छन् ।

अर्कातर्फ राष्ट्रपति, प्रधानमन्त्री, सभामुख, प्रधानन्यायाधीश, मन्त्री तथा सांसदहरूका स्वकीय सचिव र सचिवालयमा काम गर्ने अन्य कर्मचारीको नियुक्तिमा कुनै पनि मापदण्ड बनेको छैन । फलस्वरूप कर्मचारी, प्रहरी र प्रशासनमा स्वकीय सचिवहरू हाबी हुन्छन् भने भ्रष्ट र घुसखोरीलाई निकट पार्ने काममा उनीहरूको संलग्नता हुन्छ । त्यस्तै पिए वा स्वकीय सचिवका लागि कुनै योग्यता आवश्यक नपर्ने र कस्ता मानिसलाई नियुक्ति गर्ने भन्ने आधार समेत नभएका कारण विकृति थप मौलाएको छ ।

मानिसहरूमा भ्रष्टाचार गर्नु हुँदैन भन्ने चेतना संस्कारको रूपमा विकसित हुँदै जाने र भ्रष्टाचारविरूद्ध सशक्त कानुन निर्माण गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्ने हो भने मात्रै भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ । हुन त हाम्रोमा भ्रष्टाचारविरूद्धका कानुन नभएका होइनन् र कानुन लागू गर्ने निकाय नभएको पनि होइन । तर विडम्बना, यस्ता कानुनहरूको कार्यान्वयन नै हुँदैन । अर्कातर्फ नेपालमा भ्रष्टाचारको घटना त्यतिबेला मात्र बाहिर आउँछ, जब दुई पक्षबीचको स्वार्थ बाझिन्छ । जहाँ कानुनी शासनको अभाव हुन्छ, त्यहाँ कानुनको निर्माण पहुँचवालाहरूको सुविधाअनुसार बनाइन्छ र यसको प्रयोग पनि शक्तिशालीहरूको अनुकूलताअनुसार गरिन्छ, जसले भ्रष्टाचार बढाउँछ ।

कुनै मानिसलाई यदि भ्रष्टाचार गलत र अनैतिक कार्य हो भन्ने लाग्दैन भने ऊ भ्रष्टाचारमा संलग्न हुन्छ । अरूले भ्रष्टाचार गरेको देखेर पनि मानिस भ्रष्टाचार गर्न लालायित हुन्छ । भ्रष्टाचार गर्ने अवसर प्राप्त हुनु, नेता र उच्च तहका कर्मचारीहरू आफैं भ्रष्टाचारमा संलग्न हुनु, लोभी र बेइमानी आचरण, समाजमा नैतिकताको क्षयीकरणजस्ता कारणले व्यक्तिलाई भ्रष्टाचारी बनाउँछ । भ्रष्टाचार एक प्रकारको दूषित मानसिकता

*बाँकी पेज ३ मा*

# यि हुने ग्यास्ट्रिक निको पार्ने घरेलु उपाय



ग्यास्ट्रिकको समस्या अहिले अधिकांशमा देखिन्छ । ग्यास्ट्रिक हुँदा वाकवाकी लाग्ने, बान्ता हुने, खाना नरुच्ने, नपच्ने पेटको माथिल्लो भाग दुख्ने, पेट फुल्ने, ढ्याउ आउने, छाती तथा पेट पोल्ने समस्या हुन्छ । यसैगरी अमिलो डकार आउने, कब्जियत हुनेदेखि बढ्दै गएमा अल्सरसम्म हुनसक्छ ।

पिरो, चिल्लो, अम्लीयपन भएका, मसालेदार, नुनिलो खानेकुरा धेरै खाँदा ग्यास्ट्रिकको समस्या हुन्छ । खाना खाने तालिका नमिल्दा पनि ग्यास्ट्रिक हुन्छ । ग्यास्ट्रिक निको बनाउन आयुर्वेदले केही घरेलु उपचार सुझाएको छ ।

## घरेलु उपचार

**पुदिना** : पुदिनायुक्त हर्बल चिया पिउँदा यसले ग्यास्ट्रिक कम गर्दै लैजान्छ । यसले पाचनशक्ति बढाउने काम गर्छ । बिहान बेलुका पुदिनाको जुस वा अचार बनाएर खाँदा ग्यास्ट्रिकको समस्या कम हुन्छ ।

**कागती** : तातो पानी वा चिसो पानीमा बिहान बेलुका कागती राखेर पिउँदा ग्यास्ट्रिकको समस्या समाधानमा फाइदा पुग्छ ।

**पुदिना** : पुदिनाको पात सफा पानी वा तातोपानीमा धोएर मुखमा चपाएर राख्न सकिन्छ । त्यस्तै यसलाई बिहान बेलुका जुस बनाएर पनि पिउन सकिन्छ । यसले पाचनप्रक्रिया बलियो बनाउन मद्दत गर्छ ।

**अमला पाउडर** : दैनिक अमला पाउडर तातो वा चिसो पानीमा मिसाएर दिनको दुई पटक सेवन गर्न सकिन्छ । यसलाई बिहान खाली पेटमा सेवन गर्न सके अझ ग्यास्ट्रिकको समस्याबाट मुक्त गर्न मद्दत गर्छ ।

**दालचिनी** : मसलाको रूपमा घरमा प्रयोग गर्ने दालचिनी खानेकुरा मिसाएर वा चिसो वा तातो पानीमा उमालेर सेवन गर्दा पनि पेटलाई हल्का गराउन मद्दत गर्छ ।

**दही र मोही** : दही फ्रेस भएको खण्डमा खान सकिन्छ । अमिलो दही खान मिल्दैन । मोही बिहान र बेलुका खान सकिन्छ ।

**त्रिफला** : त्रिफलाले पाचन शक्ति बढाउन, कब्जियत हटाउन मद्दत गर्छ । जसले ग्यास्ट्रिक कम हुन्छ । यसलाई ताजा पानीमा बिहान शौच गरेपछि खाली पेटमा दैनिक एकपटक लिनु उपयुक्त हुन्छ । यसले रोगप्रतिरोधात्मक क्षमता बढाउन सहयोग पुऱ्याउँछ । यो गर्भवती अवस्थामा सेवन गर्नु हुँदैन ।

**जेठी मधु** : तातोपानीमा जेठी मधु घोलेर बिहान बेलुका सेवन गर्ने, खाना खाने समयलाई निर्धारण गरी दैनिक एकै समय खाना खाने बानी गर्नुपर्छ । बिहान उठ्नासाथ पानी पिउँदा पनि केही मात्रामा ग्यास्ट्रिकबाट बच्न सकिन्छ । यस्तै समयमा खाना खाना खाने हो भने ग्यास्ट्रिकबाट बच्न सकिन्छ ।

## जटिलता

अल्सर बिग्रिंदै गएर रगत नै बान्ता समेत हुन सक्छ । यसले पाचन प्रणालीमा पनि बाधा उत्पन्न गराउँछ । जसले शरीरमा रगत, क्याल्सियमको कमी हुन सक्छ । यसको समयमै उपचार नगरेमा पेटको अल्सर र क्यान्सर नै हुन सक्छ ।

# स्वस्थ र दीर्घ जीवनका लागि यी खानेकुराबाट टाढै रहनुहोस्

मोटोपन सुन्दा जति सामान्य लाग्छ, शरीरका लागि त्यति नै घातक समस्या पनि हो यो । आम समस्या नै बनेको मोटोपनलाई यो दशककै दीर्घ रोगको जोखिम गराउने कारकको रूपमा लिइएको छ । मुख्यतयाः खानपिनको उचित व्यवस्थापनको अभावमा देखिने यसले व्यक्तिमा अन्य जटिल रोग निम्त्याउने विभिन्न अध्ययनले देखाएका छन् ।

यसै सन्दर्भमा विश्वका अधिकांश जनसंख्यालाई कुपोषणले भन्दा आवश्यकताभन्दा बढी खानेकुराले मृत्युको मुखमा छिटो पुऱ्याएको विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को निष्कर्ष छ ।

यस्तै, अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोल एण्ड प्रिभेन्सन (सीडीसी)ले पनि अनियन्त्रित तौल वृद्धिले मुटु रोगजस्ता घातक रोग बढिरहेको पुष्टि गरेको छ । त्यसैले समयमै दीर्घ रोगबाट बच्दै स्वस्थ र लामो जीवनयापन गर्नका लागि दैनिक के कस्ता खानेकुरा खाइरहेका छौं भन्ने कुरामा ध्यान दिनु अत्यावश्यक रहेको जीवनशैली प्रशिक्षक तथा आहारविद् राजु अधिकारी बताउँछन् ।

'दीर्घ जीवन बाँच्न २४ घण्टा नै के खाँदै छौं र कति मात्रामा खानु उचित हो भन्ने मूल्यांकन गर्न सक्नुपर्छ,' उनी भन्छन्, 'जे खानुहुन्छ, जसरी खानुहुन्छ त्यसले नै शरीर बनाउँछ ।' यो भनाइ केही हदसम्म सत्य साबित हुने दुई दशकभर भएका केही अनुसन्धानले देखाउँछन् ।

## प्रशोधित मासु

प्रशोधित मासु बनाउन धेरै खालको प्रक्रिया लाग्छ । त्यसपछि मात्र सर्वसाधारणकहाँ पुग्छ । त्यस्ता मासुलाई भण्डारण गर्न अत्यधिक नुनको प्रयोग, सुख्खा पार्न अपनाइने विधि, साथै त्यसलाई कुहिन नदिन हानिकारक रसायनहरू अस्वस्थकर हुन् । त्यसैले यदि स्वस्थ र लामो जीवनयापन गर्न चाहनुहुन्छ भने तपाईंको रोजाइमा पर्ने प्रशोधित मासुको बारेमा एकपटक सोच्नैपर्ने हुन्छ ।

बायोएमएड सेन्ट्रलले सन् २०१३ मा १० ठूला युरोपियन देशहरूमा गरेको अध्ययनले जो व्यक्ति दैनिकजसो प्रशोधित मासु खान्छन् । उनीहरूमा ४४ प्रतिशत क्यान्सर र मुटुरोगको जोखिम पाएको थियो । आधा लाख भन्दा बढी व्यक्तिमा भएको अध्ययनले यस्तो निष्कर्ष निकालेको हो । साथै, प्रशोधित मासुमा उच्च मात्रामा नुन हालिएको हुन्छ, जसले उच्च रक्तचाप बढाउँछ । त्यस्तै त्यसमा हुने नाइट्रेटले धमनीहरू अवरूद्ध हुन सक्छ । सन् २०१० मा हार्वर्ड स्कुल अफ पब्लिक हेल्थद्वारा प्रकाशित अर्को एक अध्ययनमा विश्वभर बाट १६ सय केस स्टडीको नतिजा एकदम डरलाग्दो थिए । नियमित रूपमा प्रशोधित मासु खाने व्यक्तिमा मधुमेहको खतरा १९ प्रतिशत बढेको देखियो । त्यसैले घरमा कसैलाई मधुमेह वा मुटुरोग भएमा त्यस्तो मासु खान रोक्नु उचित हुने विज्ञहरूको सुझाव छ ।

## चाउचाउ

सस्तो, छिटो र मीठो । बालकदेखि वृद्धसम्मको रोजाइमा पर्छ चाउचाउ । त्यति मात्र होइन, रातको समयमा कामबाट थाकेर आउँदा सजिलो विकल्प पनि हो यो । चाउचाउ सबैभन्दा बढी बिक्री हुने खानेकुरामा पर्छ । तर स्वस्थ जीवनको लागि भने यो राम्रो विकल्प हुँदै होइन ।

चाउचाउमा भण्डारण गर्ने विधि, त्यसमा लगाइने रङ, मिसाइने हानिकारक रसायन, आर्टिफिसियल फ्लेभरका कारण यो स्वास्थ्यका लागि हितकारी मानिंदैन । त्यस्तै यसमा अत्यधिक सोडियम र फ्याट हुन्छ । यी हानिकारक मिश्रित तत्वले पक्कै पनि शरीरलाई छिटो रोगी बनाउँछ । सन् २०१४ मा साउथ कोरियाली जर्नल द जरनल अफ न्युट्रीसियनले १० हजार वयस्कमा गरेको अध्ययनले सातामा दुईदेखि तीन पटक चाउचाउ खानेहरूमा मेटाबोलिक सिन्ड्रोमको उच्च जोखिम हुन्छ ।

यो सिन्ड्रोमले रगतमा चिनीको मात्रा, उच्चरक्तचाप र कोलेस्टेरोल बढाउन सक्छ । जुन मुटुरोगको जोखिम कारक मानिन्छ । उच्च सोडियमले मिर्गौला र मुटुरोगको जोखिम बढाउँछ । त्यसैले सकेसम्म चाउचाउ खानुअघि विचार पुऱ्याउनु राम्रो हुन्छ ।

## सुगर फ्री

बजारमा स्वस्थ भनेर वैकल्पिक चिनी अर्थात् सुगर फ्री भनिएका सामग्री बेचिएका हुन्छन् । प्रायः मधुमेह भएकाहरूले स्वादको लागि र डाइट गरेकाहरूले पनि चिनीको विकल्पमा उपभोग गर्छन् । पछिल्ला अध्ययनले चिनी कम गर्छु भन्दै सुगर फ्री खानु खतरा साबित हुने देखाएको छ । अध्ययन अनुसार सुगर फ्रीको सेवनले रगतमा चिनीको स्तर पनि बढाउने गर्छ । यति मात्र होइन यसले शरीरको प्रतिरक्षा प्रणालीलाई पनि असर गर्छ । साथै, मधुमेह र मोटोपनको जोखिम बढाउँछ ।

## तारेको खानेकुरा

डिप फ्राइड परिकार विश्वव्यापी रूपमा पाइन्छ, यसलाई अधिकांश मानिसले र चाउँछन् । आलु चिप्स, फ्राइड चिकन, फ्रेन्च फ्राइज, प्याज रिंगजस्ता धेरै परि कार छन् जुन सबैको रोजाइमा पर्छन् । धेरै अध्ययन अनुसार तारेको वा भुटेको खानेकुरा दैनिक खाँदा दीर्घरोगको जोखिम बढ्ने मात्र नभई बिस्तारै मुटुको धमनीमा असर गर्दै जान्छ ।

## किन हुन्छ ... .. . .

हो, सामन्ती संस्कारको उपज हो भने भ्रष्टाचारको मूल जड लोभ हो ।

देश विकासका लागि दूरदृष्टि र दृढ इच्छाशक्ति भएको नेता अनि स्वच्छ तथा भ्रष्टाचाररहित प्रशासन चाहिन्छ । दुर्भाग्य, नेपालले यी दुई कुरा अहिलेसम्म पाउन सकेन । कुनै पनि देश समृद्धिको मूल आधार इमानदार र व्यावहारिक सरकार हो, भ्रष्टाचाररहित सरकार, राजनीति र कर्मचारीतन्त्र नै हो । तर भ्रष्टाचार नेपालको संस्कृति अनि प्रवृत्ति बनेको छ । यदि कसैले भ्रष्टाचार नगर्ने हो भने स्रोतको उचित उपयोग हुन्छ, देश विकास हुन्छ, नेपाली मुद्राको क्रयशक्ति बढ्न गई सबै नेपालीले सम्पन्न जीवनयापन गर्न सक्ने वातावरण बन्दै जान्छ ।

*(-लेखक अधिवक्ता हुन् ।)*

नगरौं विवाहका कुरा:
भएको छैन बीस वर्ष पुरा
बालविवाह सामाजिक अपराध हो, बालविवाह नगरौं, नगराऔं ।




बालविवाह गर्नु वा गराउनु सामाजिक अपराध हो र यो दण्डनीय छ । बालविवाह गरे वा गराएको पाइएमा नजिकको प्रहरी/वडा कार्यालय, बालक्लव, बालसञ्जालमा खबर गरौं । बालविवाह रोकौं, बालबालिकाको सुनौलो भविश्य निर्माणमा आजै देखि सबै लागौं ।

"सानै छु बढन देउ, विवाह हैन पढन देउ"

थाहा नगरपालिका
सामाजिक विकास शाखा
इन्द्रायणी चौर, मकवानपुर

थाहा नगरपालिकाको सूचना !

- आफ्नो घर भान्छाको फोहर सड्ने र नसड्ने (प्राङ्गारिक, अप्राङ्गारिक) गरि विभाजन गरौं । सड्ने फोहरलाई मल बनाऔं । नसड्ने फोहरलाई बर्गिकरण गरि महानगरपालिकाको फोहर बोक्ने गाडीमा पठाऔं ।
- महानगर क्षेत्रभित्र हर्नको प्रयोग नगरौं । ध्वनी प्रदुशणको न्युनिकरणमा सबै सचेत बनौं ।
- जथाभावी सडक पेटीमा फोहर नफालौं, सम्भावित जरिवानाबाट बचौं ।
- सडेगलेका बस्तु बिक्रि वितरण र प्रयोग नगरौं ।
- पशु चौपायाहरुलाई खुला र छाडा नछाडौं ।
- सडकपेटी र बाटो अवरुद्ध हुनेगरि निर्माण लगायत कुनैपनि सामाग्री नराखौं ।
- १६ बर्षभन्दा कम उमेरका बालबालिकालाई श्रममा नलगाऔं ।
- भूकम्प प्रतिरोधात्मक संरचना र आवास निर्माण गरौं ।
- खुल्ला राखिएका, फोहरपानी प्रयोग गरिएका, झिंगा भन्केका माछा मासु खरिद बिक्रि नगरौं/नगराऔं ।
- घर तथा भवन निर्माण पूर्व आफ्नो जग्गाको भूबनोट आदिमा विचार पुऱ्याऔं । विज्ञ प्राविधिकहरुको राय सल्लाह लिएर मात्र कार्य गरौं ।
- समयमै कर तिरौं । सभ्य नागरिकको परिचय दिऔं ।
- जन्म, मृत्यु, विवाह, बसाईसराई लगायतका घटनादर्ताहरु समयमै गरौं ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

# थाहा नगरपालिकामा व्यावसायिक तरकारी खेतीसम्बन्धी पाँच दिने तालिम सुरू



◆ विकास संवाददाता

राष्ट्रपति महिला सशक्तीकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत थाहा नगरपालिकामा व्यावसायिक तरकारी खेतीसम्बन्धी पाँच दिने तालिम सुरू भएको छ। थाहा–१ मा रहेको लालीगुराँस महिला बहुउद्देश्यीय सहकारी संस्थाको आयोजनामा तथा महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय र थाहा नगरपालिकाको सहकार्यमा आयोजित तालिम ८ देखि १२ असारसम्म सञ्चालन हुनेछ ।

तालिममा हिंसापीडित, दलित, जनजाति समुदायका २५ जना महिलाहरूको सहभागिता रहेको छ। सहभागीहरूलाई जनकल्याण माविमा कृषि अध्यापन गराउने बाली बिज्ञ प्रशिक्षक निश्चल साक्य र बागवानी केन्द्र दामनमा कार्यरत प्राविधिकहरूले तालिम दिइरहेका छन्। संस्थाकी अध्यक्ष रिता प्रधानले अध्यक्षतामा भएको तालिम उद्घाटन कार्यक्रममा प्रमुख अतिथि थाहा नगरपालिका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान रहेका थिए। तालिम सहभागी महिलालाई बीउ पूँजीसमेत प्रदान गरिने र थाहा नगरपालिकाले तालिमको प्रभावकारिता र बीउ पूँजीको उपयोगबारे अनुगमन गरिरहने थाहानगर महिला बालबालिका शाखा प्रमुख प्रतिमा मोक्तानले बताइन्। कार्यक्रममा संस्थाकी उपाध्यक्ष नानिछोरी प्रधानले स्वागत मन्तव्य दिएकी थिइन्। तालिमबाट सहभागी महिलाहरूमा आत्मनिर्भरता र आयआर्जनका लागि कृषि व्यवसायमा लाग्ने प्रेरणा मिल्नेमा बिश्वास रहेको कार्यक्रमका वक्ताहरूले जोड दिए ।

कार्यक्रममा थाहा नगर उद्योग वाणिज्य संघका उपाध्यक्ष सुरेन्द्रमान प्रधान, ईलाका प्रहरी कार्यालयका प्रमुख सविन बाबु अर्याल, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने, वडा नम्बर २ का सदस्य अर्जुन कार्की र झम्केश्वरी माविका विद्यालय व्यवस्थापन समिति अध्यक्ष प्रदीप प्रधान स्थानीय सामुदायिक बन उपभोक्ता महासंघका अध्यक्ष गणेशमान प्रधान, थाहानगर रोजगार संयोजक कुमार नेगीलगायतको उपस्थिती थियो ।

# मकवानपुरमा ११ महिनामा आफन्तबाटै ६ महिलाको हत्या

◆ विकास संवाददाता


सांकेतिक चित्रः गुगलबाट

लागुऔषध र मादक पदार्थ सेवन गर्नेहरूले मकवानपुरमा ११ महिनायता एकाघरमा बस्ने ६ जना महिलाको हत्या गरेका छन् । थाहा नगरपालिका–१ कुन्छालका ३५ वर्षीय देवर विमलमान गोपालीले ५० वर्षीया भाउजु तुलमाया गोपालीको ५ असारमा हत्या गरेका थिए । गर्दनमा खुकुरी प्रहार गरेर विमलमानले भाउजुको हत्या गरेका हुन् । विमलमान लागुपदार्थ सेवनकर्ता हुन् । उनलाई ३ वर्षअघि काठमाडौंको एक सुधार केन्द्रमा राखेर घर ल्याइएको थियो ।

उनी लागुपदार्थ सेवनकर्ता भएका कारण २० महिनाअघि मात्रै पत्नीले सम्बन्धविच्छेद गरेकी थिइन् । भाउजुले देवरलाई लागुऔषध र रक्सी नखान सम्झाउँदै आएकी थिइन् । सम्झाएकै कारण देवर र भाउजुको विगत एक वर्षदेखि बोलचाल थिएन । तर उनीहरू एउटै घरमा बस्थे । चुल्हो अलग थियो । आँगनमा निस्केको अवस्थामा एक्कासि विमलमानले भाउजुको गर्दनमा खुकुरी प्रहार गरेर हत्या गरेका थिए ।

थाहा नगरपालिकास्थित थाना बजारमा रहेको इलाका प्रहरी कार्यालय पालुङमा भाउजुको हत्या गर्न प्रयोग गरेको खुकुरीसहित उनी उपस्थित भएका थिए । इलाका प्रहरी कार्यालय पालुङका एक प्रहरीका अनुसार त्यतिबेला पनि उनले मदिरा सेवन गरेका थिए ।

गत चैत १२ गते हेटौंडा उपमहानगरपालिका–१ चौकीटोलमा लागुपदार्थ सेवन गर्ने २२ वर्षीय देवर राहुल दासले ३५ वर्षीया भाउजु गुडिया दासलाई घरकै कोठामा खुकुरी प्रहारी गरेर हत्या गरेका थिए । लागुऔषध सेवन गर्नका लागि पैसा नदिएको झोँकमा भाउजुको उनले हत्या गरेका थिए । राहुल चार/पाँच वर्षदेखि लागुऔषध सेवन गर्दै आएका थिए । अहिले उनी भीमफेदी कारागारमा छन् ।

यस्तै, २०८१ साउन २७ मकवानपुरको कैलाश गाउँपालिका–५ का २८ वर्षीय मंगलबहादुर पाख्रिनले मादक पदार्थ सेवन गरेर २२ वर्षीया पत्नी लक्ष्मी पाख्रिनको खुकुरी प्रहार गरी घरमा नै हत्या गरेका थिए । मंगलबहादुर पनि लागुऔषध सेवनकर्ता थिए । उनलाई पनि ९ महिना हेटौंडास्थित सुधार केन्द्रमा राखिएको थियो । मंगलबहादुर अहिले भीमफेदी कारागारमा छन् ।

२०८१ भदौ १० गते हेटौंडा उपमहानगरपालिका–१ भैरवडाँडाकी ६८ वर्षीया हजुरआमा ठूलीमाया विश्वकर्माको ३० वर्षीय नाति प्रविण विश्वकर्माले घरमा नै हत्या गरे । मादक पदार्थ सेवन गरेर हजुरआमालाई धकेलेर प्रविणले हत्या गरेका थिए । अहिले उनी भीमफेदी कारागारमा छन् । २०८१ भदौ ९ मा हेटौंडा उपमहानगरपालिका–५ की पत्नी अम्बिका भण्डारीको हत्या गरेर पति केशवबहादुर भण्डारीले आत्महत्या गरे ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार २०८१ साउन २७ गतेदेखि २०८२ असार ४ सम्म मकवानपुरमा ६ महिलाको हत्या गरिएको छ । अधिकांश हत्या लागुऔषध वा मादक पदार्थ सेवन गर्नेहरूले गरेका छन् । मकवानपुरमा आफन्तबाट भएका महिलाको हत्यामा लागुऔषध र मादक पदार्थ सेवन गर्नेहरू संलग्न पाइएको जिल्ला प्रहरी कार्यालय प्रवक्ता डीएसपी श्यामु अर्यालले बताए ।

# अपाङ्गता भएको परिवारलाई कृषि व्यवसाय प्रवर्धनका लागि सहयोग

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिकाले नगर क्षेत्रको विभिन्न वडामा बसोबास गर्दै आएका ३३ अपाङ्गता भएको परिवारलाई कृषि व्यवसाय प्रवर्धनका लागि सहयोग गरेको छ । अपाङ्गताको क्षेत्रमा काम गरीरहेको अपाङ्ग सरोकार केन्द्रसँगको समन्वयमा उपमहानगर क्षेत्रमा रहेका परिवारलाई बाख्रा, बंगुर र महुरी घार सहयोग गरेको हो । कृषि व्यवसाय प्रवर्धन कार्यक्रम अन्तरगत उपमहानगरका नगर प्रमुख मीनाकुमारी लामाले २६ परिवारलाई बाख्रा, ५ परिवारलाई माहुरीको घार र २ परिवारलाई बंगुर वितरण गरिएको सरोकार केन्द्रका अध्यक्ष गणेशचन्द्र दवाडीले जानकारी दिए ।

व्यवसाय प्रवर्धन कार्यक्रममा नगर प्रमुख लामाले बिउँ पुजीको रूपमा उपमहानगरले सहयोग गरेको बताइन् । यसले व्यवसाय बिस्तारको लागि सहयोग पुग्ने भन्दै अब आफुलाई दिगो आय हुने गरी काम गर्न सुझाब दिइन् । बिउँलाई मास्ने होइन बिस्तार गर्दै लैजाने तर्फ लाग्न जरूरी रहेको उनले बताइन् । शारीरीक रूपमा अशक्त भएपनि घरमै रहेर दिगो आयआर्जनको पाटोमा जुटेकोमा खुशी व्यक्त गर्दै उपमहानगर सघै सहयोगीको भुमिकामा रहने बताइन् ।

कार्यक्रममा सरोकार केन्दैका अध्यक्ष दवाडीले कार्यक्रम १ नम्बर वडामा तय गरेपछि पछिल्लो पटन जनप्रतिनिधि माथि भएको आक्रमणको घटनाका कारण असुरक्षित महशुस गरेर ५ नम्बरको पिप्ले क्याम्पा रंगशाला सारेका बताए । उनले भने –'केन्द्र जनप्रतिनिधी माथि भएको आक्रमणको घटनाको प्रति दुखः व्यक्त गर्दै दोषि माथि कारवाहिको माग गर्दछ ।' उनीहरूले ९६ वटा बाख्रा, २० वटा बंगुर, ११ वटा माहुरी घार र ४ वटा गोठ निर्माणका लागि अनुदान पाएका छन् । कृषि व्यवसायको सुधार गर्दै दिगो आर्यआर्जनमा जोडिन मद्दत गर्ने उद्देष्य अनुसार उपमहानगरले ५० प्रतिशत लागत व्यहोरेको छ ।

# मकवानपुरगढी पूर्ण खोप सुनिश्चिता तथा दिगोपना गाउँपालिका घोषणा

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका पूर्ण खोप सुनिश्चिता तथा दिगोपना गाउँपालिका घोषणा भएको छ । ३ जेठमा एक समारोहकाबीच पूर्ण खोप सुनिश्चिता गाउँपालिका घोषणा भएको हो । पूर्णखोप गाउँपालिका सुनिश्चित गर्ने राष्ट्रिय पूर्णखोप निर्देशिका बमोजिम यहीँ जेष्ठ २५ गते सम्ममा १६ महिनादेखी २३ महिना सम्मका सबै बालबालिकाहरूलाई १५ महिनाको उमेर भित्र पाउनुपर्ने सबै खोप प्राप्त गरेकोले मकवानपुरगढी सुनिश्चिताको घोषणा गरेको हो ।

जिल्ला पूर्णखोप समन्वय समितिको सचिवालयले पूर्णखोप सुनिश्चिता गाउँपालिकाको प्रमाणपत्र प्रदान गरे सँगै मकवानपुरगढी घोषणा गरिएको हो । खोप समन्वय समिति गाउँपालिकाका संयोजक एंव गाउँपालिकाका अध्यक्ष दोर्जे लामा स्याङ्तानको अध्यक्षतामा घोषणा कार्यक्रम भएको थियो । जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरेले "पूर्णखोप सुनिश्चिता गाउँपालिकाको प्रमाणपत्र" गाउँपालिका अध्यक्ष स्याङ्तानलाई प्रदान गरेका थिए ।

सोही अवसरमा खोप समन्वय वडा समिति र वडामा रहेका स्वास्थ्य संस्थाहरूलाई प्रमाण पत्र प्रदान गरिएको थियो । गाउँपालिकाका वडाहरूले वडा घोषणा भएसँगै मंगलबार गाउँपालिका घोषणा भएको स्वास्थ्य शाखा प्रमुख ध्रुवप्रसाद लामिछानेले बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष मानकुमारी पाख्रीन, प्रमुख प्रशासकीय अधिकृत ई.सुधन लामिछाने, २ का



वडाध्यक्ष बखानसिं पाख्रीन, ५ का वडाध्यक्ष दिपेश दाहाल, ३ का वडाध्यक्ष भागवत घिमिरे, ४ का वडाध्यक्ष अर्जुन प्रसाद तिमल्सिना, वडा ७ का वडाध्यक्ष सुर्यबहादुर रूम्बा, जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य अधिकृत लक्ष्मण घिमिरे आतिथ्यता रहेको थियो । कार्यक्रममा गाउँपालिकाका शाखा प्रमुखहरू, विभिन्न राजनितिक दलका प्रतिनिधि, विभिन्न सामाजिक संघसंस्थाका प्रतिनिधि, रेडक्रम र टोलविकासका प्रतिनिधिका साथै स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,ब्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (ब्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको ब्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
www.bikaskhabar.com
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# गोपाली र चौधरीको जोडिले चुम्यो छैठौं थाहानगर उप-मेयरकप ब्याडमिन्टन प्रतियोगिताको उपाधी

◆ विकास संवाददाता



मकवानपुर थाहा नगरपालिकामा सञ्चालित छैठौं उप-मेयर कप डबल्स मेन्स ब्याडमिन्टन प्रतियोगिताको उपाधी रोशन गोपाली र मधुसुदन चौधरीको जोडीले चुमेको छ । ८ असारमा थाहा-४ स्थित क्याम्पाडाँडामा सञ्चालित फाइनल खेलमा साविक विजेता नरेन्द्र मोक्तान र देव अर्यालको जोडीलाई पराजित गर्दै उनीहरूले उपाधी चुमेका हुन् । उपाधिसँगै नगद २० हजार रूपैयाँ, ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् ।

साविक विजेताका रूपमा फाइनलमा भिडेका नरेन्द्र र देव उपविजेतामा सीमित भए । उनीहरूले नगद १५ हजारसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा सुनिल विष्ट उत्कृष्ट खेलाडी घोषित भए । विष्टले नगद रू ५ हजारसहित ट्रफी प्राप्त गरे । सान्त्वना पुरस्कार सुनिल र नवीन तथा नरेन्द्र र इसाकको टिमले प्राप्त गरेका छन् । उनीहरूलाई नगद र मेडल प्रदान गरिएको थियो । प्रतियोगिताका विजेता तथा उप विजेताहरूलाई पुरस्कार वितरण समारोहका प्रमुख अतिथि थाहा नगरपालिकाका नगर उप-प्रमुख भरत गोपालीले विजेता र अन्य विधागत खेलाडीहरूलाई पुरस्कार वितरण गरेका थिए । सो अवसरमा उपप्रमुख गोपालीले यस किसिमको प्रतियोगिताले स्थानीय स्तरमा खेलकुदको माध्यमबाट युवा सक्रियता बढाउने धारणा राख्दै खेलकुदमा नगरको लगानी हुनु युवा लक्षित भएको धारणा राखे ।

थाहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधान, शिक्षा शाखा प्रमुख माधव विक्रम मल्ल, पालुङ भ्यालीहार्ट एकेडेमीका प्रिन्सिपल सुरेन्द्रमान प्रधान, फरक सोचका संयोजक यादवजंग रायमाझी, सामाजिक विकास शाखा प्रमुख अनिल लामिछाने लगायतको उपस्थिति रहेको थियो । प्रतियोगिताको संयोजन थाहा नगरपालिकाले गरेको हो भने शिखर क्लब र फरक सोच सहयोगी संस्थाका रूपमा रहेका थिए। प्रतियोगितामा प्रेस तथा सञ्चार साझेदारका रूपमा पालिका प्रेस, थाहापाटी, लालखबर, थाहा टाइम्स, टिम टिभी, बाइरोड र रेडियो दामन रहेका थिए ।

सुसान्त श्रेष्ठ (च्याङ) को संयोजकत्वमा भएको समापन समारोहमा खेल सञ्चालनमा सहयोग गर्ने व्यक्ति तथा संस्थालाई सम्मान गरिएको थियो । कार्यक्रममा सहयोग गर्ने प्रायोजक तथा सहयोगीहरूलाई संयोजक श्रेष्ठले धन्यवाद दिएका थिए ।

## थाहानगरका दुई खेलाडीलाई सम्मान



थाहानगर ब्याडमिन्टन संघले दुई खेलाडीलाई ७ असारमा सम्मान गरेको छ । संघको व्यवस्थापनमा भएको छैठौं संस्करणको उपमेयर कप नगरस्तरीय व्याड्मिन्टन प्रतियोगिताको उद्घाटन कार्यक्रमको अवसरमा खेलाडी सम्मान गरिएको हो ।

संघले दोलखामा सम्पन्न १५औं बागमती प्रदेशस्तरीय राष्ट्रपति र निङशिल्ड प्रतियोगितामा कुमितो-४२ केजी समूहमा स्वर्ण पदक हाँसिल गर्न सफल थाहा ९ चित्लाङका करूण गमाल र छात्रा तर्फ १०० मिटर र २०० मिटर दौड प्रतियोगितामा स्वर्ण पदक हाँसिल गर्न सफल थाहा नगरपालिका वडा नम्बर १ की दिना गोपालीलाई सम्मान गरिएको हो ।

सम्मानित दुबै जनालाई नगद २ हजारसहित सम्मानपत्रद्धारा सम्मान गरिएको प्रतियोगिताका संयोजक सुशान्त श्रेष्ठ (च्याङ) ले जानकारी दिए ।

# तीन दिने स्थलगत मागमा आधारित कृषक स्तर बाख्रापालन तालिम




◆ विकास संवाददाता


मकवानपुर थाहा नगरपालिका वडा नम्बर ३ विकास घरमा तीन दिने स्थलगत मागमा आधारित कृषक स्तर बाख्रापालन तालिम भएको छ । तालिम बागमती प्रदेश पशु सेवा तालिम केन्द्र, लगनखेलको आयोजनामा भएको हो ।

तालिमको समापन समारोहमा आर्थिक विकास समिति संयोजक हिरेन्द्र रायमाझी प्रमुख अतिथि रहेका थिए । तालिममा केन्द्रकी वरिष्ठ तालिम अधिकृत सजिता ग्यावली, तालिम अधिकृत झम्क भण्डारी, तथा थाहा नगरपालिका पशु शाखाका प्रमुख डा. निकाश ब्लोनको विशेष उपस्थिति रहेको थियो। तीन दिन सम्म चलेको तालिमलाइ तालिम अधिकृत झम्क भण्डारी, थाहा नगरपालिकाका पशु शाखा प्रमुख डाक्टर निकाश ब्लोन, पशु प्राविधिक रूपेश मिश्रले तालिममा सहजीकरण गरेका थिए । तालिममा थाहानगर क्षेत्रका २३ जना कृषकहरू सहभागी भएका थिए ।

उक्त तालिमले कृषकहरूलाई व्यावसायिक बाख्रापालनका सीप, स्याहार-सुसार, खोप व्यवस्थापन, आहार, आवास तथा रोग-निदानका बारेमा व्यवहारिक ज्ञान दिएको आयोजक पक्षले जनाएको छ । सहभागी कृषकहरूले तालिम उपयोगी भएको प्रतिक्रिया दिएका छन् । तालिम पश्चात् सहभागी हरूलाइ प्रमाणपत्र समेत प्रदान गरिएको थियो ।

# मदन भण्डारी विश्वविद्यालय चित्लाङमा पिएचडी गर्नेलाई पूरै छात्रवृत्ती

◆ विकास संवाददाता



मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले स्नातकोत्तर र विद्यावारिधि (पीएचडी) तहका लागि भर्ना आवेदन खुलाएको छ । आगामी नोभेम्बरको लागि विश्वविद्यालयले अप्लाइड साइन्स संकायअन्तर्गत आवेदन माग गरेको हो ।

विद्यावारिधि (पीएचडी) तहका लागि आर्टिफिसिएल इन्टेलिजेन्स (एआई), अर्गानिक एग्रिकल्चर, फरेस्ट बायोमटेरियल साइन्स एन्ड इन्जिनियरिङ, सस्टिनेबल एन्ड र`जिलियन्स इन्फ्रास्ट्रक्चर गरी चार विधामा आवेदन खुलाइएको हो । यस्तै स्नातकोत्तर तहमा अर्गानिक एग्रिकल्चर, फरेस्ट बायोमटेरियल साइन्स एन्ड इन्जिनियरिङ, सस्टिनेबल एन्ड रेजिलियन्स इन्फ्रास्ट्रक्चर गरी तीन विधामा आवेदन खुलेको हो । विद्यावारिधिअन्तर्गत प्रत्येक विधामा २/२ जना र स्नातकोत्तरमा १६/१६ जनाको आरक्षणमा आवेदन माग गरिएको विश्वविद्यालयका उपप्राध्यापक एवम् जनसम्पर्क संयोजक डा. राजीव सुब्बाले जानकारी दिए ।

विश्व विद्यालयमा अध्ययन गर्न चाहने विद्यार्थीले ४ जुलाई (असार २० गते) सम्ममा आवेदन दिन सक्नेछन् । आवेदन दिने विद्यार्थीमध्येबाट लिखित परीक्षा, अनुसन्धानपत्र र अर्न्तवार्ताका आधारमा छनोट गरिने उनले जानकारी दिएका छन् । स्नातकोत्तर तहमा एक सेमेस्टरको ७५ हजार रूपैयाँ शुल्क तोकिएको छ भने विद्यार्थीका लागि छात्रवृत्ति र शैक्षिक भत्ताको समेत व्यवस्था गरिएको उनले बताए । स्नातकोत्तर तहमा भर्ना हुने विद्यार्थीलाई भने २५ देखि शत् प्रतिशत छात्रवृत्ति प्रदान गरिने उनको भनाई छ । जसमध्ये प्रत्येक विधाका दुई/दुई जना विद्यार्थीले सत्प्रतिशत छात्रवृत्तिसहित दुई वर्षका लागि मासिक १२ हजार रूपैयाँ शैक्षिक भत्ता पनि पाउँनेछन् ।

यस्तै विद्यावारिधि तहमा भर्ना हुने सबै विद्यार्थीलाई सत्प्रतिशत छात्रवृत्तिसहित तीन वर्षका लागि मासिक २० हजार रूपैयाँ शैक्षिक भत्ता प्रदान गर्ने विश्वविद्यालयले जनाएको छ ।

# इन्द्रसरोवर गाउँपालिका 'पूर्ण खोप दिगोपना सुनिश्चितता पालिका' घोषणा

◆ विकास संवाददाता

मकवानपुरको इन्द्रसरोवर गाउँपालिकालाई 'पूर्ण खोप दिगोपना सुनिश्चितता पालिका' घोषणा गरिएको छ ।

इन्द्रसरोवरमा ४ असारमा आयोजित एक कार्यक्रमका बीच पालिकालाइ पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरिएको हो । गाउँपालिकालाई खोप समन्वय समिति इन्द्रसरोवरका संयोजक तथा पालिका अध्यक्ष देव कृष्ण पुडासैनी र जिल्ला जनस्वास्थ्य कार्यालय मकवानपुरका जनस्वास्थ्य प्रशासक कृष्ण बहादुर मिजारले संयुक्त रूपमा पूर्ण खोप दिगोपना सुनिश्चितता घोषणा गरेका हुन् । कार्यक्रममा इन्द्रसरोवरका प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामा कार्यपालिका सदस्यहरू, स्वास्थ्यकर्मीहरू, विद्यालय नर्स, महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविका लगायतको सहभागीता रहेको थियो ।

खोप समन्वय समितिको सक्रियतामा हरेक वडामा घरभेट सर्वेक्षण, १६ वटा खोप केन्द्रबाट खोप दिने कार्य भएको थियो ।



# राक्सिराङमा एक महिने स्वदेशी नेपाली कागज उत्पादन तालिम



◆ विकास संवाददाता

मकवानपुरको राक्सिराङमा एक महिने स्वदेशी नेपाली कागज उत्पादन तालिम समापन भएको छ। जिल्ला लघु उद्यमि समूह संघ (डि-मेगा) को आयोजना तथा उद्योग तथा वाणिज्य कार्यालयको आर्थिक सहयोगमा राक्सिराङ गाउँपालिका-३ झिल्किनी २० जनालाई दिइएको तालिम समापन भएको हो ।

जिल्ला लघु उद्यमि समूह संघ (डि-मेगा) को अध्यक्ष दिपेन्द्र रोक्का छेत्रीको सभाध्यक्षता तथा उद्योग तथा वाणिज्य कार्यालय मन्त्री सुकमाया तामाङको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । साथै राक्सिराङ गाउँपालिका-५ स्थित ठाडेचुरीमा संचालन भएको ३ सय ९० घण्टे केयर किभर तालिमको पनि मन्त्री तामाङले नै समापन गर्नुभएको थियो । नेपाली कागज उत्पादन तालिम २० जना र केयर किभर तालिम २० गरि ४० जनाले तालिम लिएका थिए । मकवानपुरको विकट मानिने राक्सिराङ गाउँपालिकामा रहेका युवाहरूलाई तालिमले स्वरोजगार बनाउने अपेक्षा लिइएको संस्थाकि सचिव मेनका श्रेष्ठले बताइन् । नेपाली कागज उत्पादन तालिमको मुख्य प्रशिक्षक राजेन्द्र सिजापती, सहायक प्रशिक्षक कुबेर तिमल्सिना रहेका थिउ । कार्यक्रममा प्रशिक्षार्थी इलिना चेपाङ र थापा बहादुर दोङले आफ्ना भनाइ राख्दै तालिमले आत्मनिर्भर बन्न सहयोग पुर्याएको बताए ।

कार्यक्रममा गाउँपालिका उपाध्यक्ष बनस्तम थिङ, संविधानसभा सदस्य गोबिन्दराम चेपाङ, उद्योग तथा वाणिज्य मन्त्रालय निमित सचीव महेश पौडेल, उद्योग तथा वाणिज्य कार्यालय हेटौंडा प्रमुख रामप्रसाद भुसाल, विज्ञ सल्लाहकार तारा निधि पोखेल, पत्रकार महाङ्ग बागमती उपाध्यक्ष कृष्ण सारू मगर, र ाक्सिराङ गाउँपालिका-३ नम्बर वडा अध्यक्ष उत्तम वाइबालगायत प्रशिक्षार्थीहरूको उपस्थिति थियो ।

# मनहरीको नीति तथा कार्यक्रम पेश

◆ विकास संवाददाता




मकवानपुरको मनहरी गाउँपालिकाले २ असारमा गाउँसभाको १७ औं अधिवेशनमा पालिकाको नीति तथा कार्यक्रम पेश भएको छ । सभामा गाउँपालिकाले अध्यक्ष रञ्जन कालाखेती नीति तथा कार्यक्रम प्रस्तुत गरेका हुन् । पालिकाले आर्थिक अवस्था कमजोर भै मृगौला प्रत्यारोपण, डायलासिस सेवा लिइरहेका, क्यान्सर र मेरूदण्डको पक्षघात भएका विरामीलाई मनहरी गाउँपालिकाले मासिक ५ हजार रूपैयाँ निर्वाह भत्ता उपलब्ध गराउने नीति लिएको छ ।

जटिल प्रकृतिका रोग लागेकाहरूलाई औषधि उपचारमा सहयोग पुर्याउने र सहज जीवनयापनमा मद्दत पुर्याउने उद्देश्यका साथ पालिकाले मासिक निर्वाह भत्ता उपलब्ध गराउन लागेको हो । त्यस्तै गर्भवती महिलाको आधारभुत जाँच तथा भिडियो एक्सरे सेवा निःशुल्क प्रदान गरिने र सतप्रतिशत आमाहरूलाई स्वास्थ्य संस्थामा सुत्केरी गराइ पूर्ण संस्थागत सुत्केरी भएको पालिका निर्माण गर्न कार्यक्रम सञ्चालन गरिनुका साथै कडा रोग लागेका गरिब तथा अतिविपन्न, असहाय र पूर्ण अपांग भएकाको लागि एम्बुलेन्स सेवामा छुट दिइने भएको छ । मनहरीले सबै वडाको घरघरमा शुद्ध खानेपानी पुऱ्याउने कार्यलाई पहिलो प्राथमिकतामा राख्ने भएको छ । पूर्ण सर सफाइयुक्त गाउँपालिका बनाउन विशेष अभियान सञ्चालन गर्नुका साथै फोहोर संकलन तथा व्यवस्थापन कार्यलाई अझ प्रभावकारी बनाइने भएको छ ।

पालिकामा बसोबास गर्ने चेपाङ, बोटे, बनकरीयालगायतका अल्पसंख्यक तथा मुस्लिम र दलित समुदायलाई विकासको मुलप्रवाहीकरणमा ल्याउने योजना सञ्चालन गरिने भएको छ । पालिकाभित्र सम्भाव्य पर्यटकीय क्षेत्रको विकास र सञ्चालनको उचित मार्गदर्शनका लागि कानुन तर्जुमा गरी मनहरी पर्यटन विकास बोर्ड गठन गरिने नीति तथा कार्यक्रममा उल्लेख छ । मनहरी गाउँपालिकाले ज्येष्ठ नागरिक दिवा विश्रामस्थल निर्माण गर्ने, बालबालिका तथा युवासँग ज्येष्ठ नागरिक अन्तरसम्वाद कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ ।

पूर्वाधार विकास अन्तर्गत रजैया-लामिटार-चकरी सडक निर्माण कार्यलाई तीव्रता दिने, रजैया-दर्दरा पक्की पुल समयमै निर्माण सम्पन्न गर्न सहयोग र समन्वय गर्ने तथा गाउँपालिकाभित्रको महत्वपूर्ण सडकलाई कालोपत्रे तथा ढलान र ग्रावेल गर्ने कामलाई निरन्तरता दिने भएको छ । ४ नम्बर वडाको भवन निर्माण कार्यलाई समयमै सम्पन्न गर्न र ३ नम्बर वडाको भवन निर्माणको लागि आवश्यक बजेट विनियोजन गरिने नीति कार्यक्रममा उल्लेख छ ।

पालिकाका जोसुकै व्यक्तिको मृत्यु भएमा अध्यक्ष वा उपाध्यक्ष उपस्थित भई समवेदना व्यक्त गर्ने र सम्बन्धित वडाको सिफारिसको आधारमा मृत्यु संस्कारमा सहयोग पुर्याउन २० हजार रूपैयाँ सहयोग गर्ने कार्यलाई निरन्तरता दिइने भएको छ । पुराना राम्रा नीति कार्यक्रमलाई निरन्तरता दिँदै केही नयाँ कार्यक्रमलाई समावेश गरिएको गाउँपालिका अध्यक्ष रञ्जन कालाखेतीले जानकारी दिए । गाउँसभा अधिवेशनको शून्य समयमा केही वडा सदस्यहरूले आफ्नो वडामा भएका समस्याहरूको विषय उठान गर्दै समाधानका लागि आग्रह गरेका थिए । सभामा गाउँपालिका उपाध्यक्ष सीता पुलामी मगर, प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदीसहित वडा अध्यक्ष, कार्यपालिका सदस्य र वडा सदस्यहरूको उपस्थिती थियो ।

## साँस्कृतिक विविधताको सम्मान गरौं !

- सबै धर्म, जात, जाती भाषा भाषि, भेषभूषा र पहिचानको सम्मान गरौं,
- सबैका चाडपर्वमा सहभागी बनौं, अन्तरसंवाद बढाऔं,
- भेदभाव, छुवाछुत, घृणा र हिंसाविरुद्ध बोलौं,
- साँस्कृतिक कार्यक्रम र परम्परालाई संरक्षण गरौं,
- समावेशी समाज निर्माण गरौं,
- विविधतामा एकताको भावना निर्माण गरौं ।

*'साँस्कृतिक विविधताको सम्मान गरी एकता कायम गरौं'*

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## बाढी र पहिरोबाट जोगिऔं !

*बाढी र पहिरोबाट हुने जोखिमबाट सतर्क बनौं:*

- सञ्चार माध्यमबाट मौसमको जानकारी प्राप्त गर्ने गरौं,
- बाढी वा पहिरोको उच्च जोखिम भएको क्षेत्रमा होसियारी अपनाऔं,
- आपतकालीन झोला (औषधि, टर्चलाइट, खानेकुरा र लुगाफाटा) तयार राखौं,
- बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूलाई विशेष ध्यान दिऔं,
- बाढी पहिरो आएमा सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका लाइन वा पोलबाट टाढा बसौं,
- बाढीको समयमा खोलानाला पार गर्दा सतर्कता अपनाऔं,
- अफवाह नफैलाऔं, सत्य सूचना मात्र आदान-प्रदान गरौं,
- घाइते वा जोखिममा परेका व्यक्तिको उद्धारमा सहयोग गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

